करैयामाई गाउँपालिका



करैयामाई गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
करैया, बारा

स्थानीय राजपत्र

खण्डः ८ संख्याः ३ मितिः २०८१/१०/०४

भाग - १

करैयामाई गाउँपालिका
शिक्षा(तेश्रो संशोधन)ऐन, २०७६

करैयामाई गाउँपालिका

शिक्षा(तेश्रो संशोधन)ऐन, २०७६

<u>गाउँसभाबाट स्वीकृत मितिः २०८१/०९/२६ गते</u>

करैयामाई गाउँपालिका शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२२ अनुसार गठित करैयामाई गाउँपालिकाको गाउँ सभाले संविधानको धारा २२६ र स्थानीय सरकार संचालन २०७४ को दफा १०२(१) बमोजिम करैयामाई गाउँपालिका शिक्षा ऐन, २०७६ को तेस्रो संशोधन गरिएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यो ऐनको नाम "करैयामाई गाउँपालिका शिक्षा(तेस्रो संशोधन) ऐन,२०७६" रहेको छ ।

२. <u>शिक्षा ऐन, २०७६(यसपछि मूल ऐन भनिएको) को दफा ३ को उपदफा (१२) पछि देहायका उपदफाहरु (१२क) र (१२ख) थप गरिएको छ ।</u>

उपदफा (१२क) -यस ऐन जारी हुनु पूर्व वा जारी भए पश्चात नियमानुसार अनुमति लिई संचालनमा रहेका सामुदायिक विद्यालय वा कम्पनी वा शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयहरुले कक्षा थप(कक्षा अपग्रेड) गरी विद्यालय संचालन गर्न चाहेमा तोकिए बमोजिमको प्रकृया पुरा गरी तोकिएको

म्यादभित्र अनुमतिका लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

उपदफा (१२ख)-उपदफा (१२क) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिका शिक्षा अधिकारीले आवश्यक जाँचबुझ गरी कक्षा थप गरी विद्यालय संचालनका लागि अनुमाति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँपालिका शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले एक वर्षमा एक कक्षाका दरले कक्षा थपको अनुमति दिनेछ।

३. <u>मूल ऐनको दफा १५ को "उपदफा (६)- समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ" झिकिएको छ।</u>

४. <u>मूल ऐनको दफा १६ मा उपदफा (१७) पछि देहायको उपदफा (१७क) थप गरिएको छ ।</u>

उपदफा (१७क)- आवश्यकता अनुसार सामुदायिक विद्यालयका स्वीकृत स्थायी/करार/राहत अनुदान शिक्षक, बाल विकास सहजकर्ता र कर्मचारीहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न वा कामकाज/काजमा खटाउन सक्नेछ।

५. <u>मूल ऐनको दफा १७ को उपदफा (१) र (२) को सट्टा देहायका उपदफाहरु (१), (२), (३), (४), (५) र (६) राखिएको छ ।</u>

उपदफा (१)-गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा स्वीकृत दरबन्दी, राहत अनुदान कोट्टा, शिक्षण सहयोग अनुदानका शिक्षक, बाल विकास सहजकर्ता र कर्मचारीको पद रिक्त भई खुला प्रतियोगिताबाट करारमा पदपूर्ति गर्नु पर्ने भएमा छनौट परीक्षा संचालन गरी योग्यताक्रम अनुसार योग्य उम्मेदवार छनौट तथा नियुक्तिका लागि विद्यालय व्यस्थापन समितिलाई सिफारिश गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

क) विद्यालय व्यस्थापन समितिको अध्यक्ष- संयोजक

ख) गाउँपालिकाले सूचिकृत गरेको विषय विज्ञहरुमध्ये सम्बन्धित विषयको विषय विज्ञ २ जना- सदस्य

ग) गाउँपालिकाको शिक्षा अधिकृत वा सो नभएमा शिक्षा हेर्ने कर्मचारी- सदस्य

घ) सम्बन्धित विद्यालको प्रधानाध्यापक- सदस्य-सचिव

उपदफा (२)- कुनै सामुदायिक विद्यालयमा विद्यालय व्यस्थापन समिति नभएमा वा विद्यालय व्यस्थापन समिति भए तापनि विविध विवादका कारण शिक्षक/कर्मचारी छनौट गर्न सम्भव नभएको अवस्थामा शिक्षक तथा कर्मचारी छनौट गर्न करैयामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा देहाय अनुसारको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) गाउँपालिकाले सूचिकृत गरेको विषय विज्ञहरुमध्ये सम्बन्धित विषयको विषय विज्ञ २ जना-सदस्य

ग) प्रशासन शाखा प्रमुख-सदस्य

घ) गाउँपालिकाको शिक्षा अधिकृत वा सो नभएमा शिक्षा हेर्ने कर्मचारी-सदस्य-सचिव

उपदफा (३)-शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक छनौट परीक्षाका लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र मापदण्डको अनुसरण गर्न सक्नेछ ।

उपदफा (४)- बाल विकास सहजकर्ता र प्राविधिक विषय शिक्षक बाहेक कुनै पनि तहको शिक्षक पदमा भर्नाका लागि योग्य उम्मेदवार हुन स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनुपर्ने छ ।

उपदफा (५)-उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्प्युटर, अर्थशास्त्र र लेखा विषय शिक्षकको पदमा पहिलो पटकको विज्ञापनमा स्थायी अध्यापन अनुमति पत्र भएको कुनै व्यक्तिको दरखास्त नपरेमा दोस्रो पटक गरिएको विज्ञापनमा स्थायी अध्यापन अनुमति पत्र नभएको व्यक्ति पनि उम्मेदवार हुन पाउने छ ।

उपदफा (६)-शिक्षक/कर्मचारी छनौट परीक्षा सम्बन्धी अन्य प्रकृया र मापदण्ड तोकिएको बमोजिम हुनेछ ।

६. **मूल ऐनको दफा ३७ को उपदफा (३) मा रहेका "गाउँकार्यपालिकाले" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका शिक्षा समितिले" भन्ने शब्दहरु राखिएको छ ।**

७. <u>मूल ऐनको दफा ३९ सट्टा देहायको दफा ३९ राखिएको छ।</u>

<u>दफा ३९-शैक्षिक योग्यताः</u> विद्यालय शिक्षक तथा कर्मचारीहरुको शैक्षिक योग्यता देहाय अनुसार हुनु पर्नेछ ।

क) माध्यमिक तह कक्षा ११ र १२ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नात्तकोत्तर वा सो सरह

ख) माध्यमिक तह कक्षा ९-१२ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नात्तक वा सो सरह

ग) निम्नमाध्यमिक तह कक्षा ६-८ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह

घ) प्राथमिक तह कक्षा १-५ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता दश जोड दुई वा सो सरह

ङ) बाल विकास कक्षामा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता एस.इ.इ. वा सो सरह

च) विद्यालयमा लेखा सम्बन्धी काम गर्ने कर्मचारी/प्रशासन सहायकको न्युनत्तम शैक्षिक योग्यता दश जोड दुई वा सो सरह

छ) विद्यालय सहयोगी/परिचरको न्युनत्तम शैक्षिक योग्यता कक्षा ८ उतीर्ण गरेको हुनु पर्नेछ ।

ज) शैक्षिक योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. <u>मूल ऐनको दफा ४३ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ ।</u>

उपदफा (६)-उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार अध्यक्ष स्तरीय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षक(स्थायी/करार/राहत/बाल विकास सहजकर्ता) र विद्यालय कर्मचारीहरुलाई निजहरुको र विद्यालय व्यस्थापन समितिको सहमति नलिई गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न वा अवधि तोकी वा नतोकी कामकाज/काजमा खटाउन सक्नेछ।

प्रमाणित गर्ने

हस्ताक्षरः

नामः- शम्भु प्रसाद यादव

पदः- करैयामाई गाउँपालिका अध्यक्ष

प्रमाणित मितिः२०८१/१०/०४

प्रमाणित कानुन पाना(पेज) संख्याः ६(छ)मात्र

आज्ञाले

वीरेन्द्र महतो

नि.प्रमुख प्रशासकीय अधिकृत